# सिलीचोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## ताम्कु, सङ्खुवासभा

# सार्वजनिक सुनुवाई

## कार्यक्रम सम्पन्न प्रतिवेदन–२०८२

**सहजीकरण :** नागरिक चासो मल्टिमिडिया प्रा.लि., खाँदबारी

**प्रस्तुतकर्ता :** खेवाहाङ मेवाहाङ

# सिलीचोङ गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न प्रतिवेदन २०८१/०८२

**१. सार्वजनिक सुनुवाई सहजकर्ताको नाम :** नागरिक चासो मल्टिमिडिया प्रा.लि.को तर्फबाट खेवाहाङ मेवाहाङ

**२. सहजकर्ताको ठेगाना :** खाँदबारी नगरपालिका १, संखुवासभा

**३. कार्यक्रम आयोजना स्थल :** गाउँपालिकाको सभाहल

**४. कार्यक्रम आयोजना गरिएको मिति :** २०८२ जेष्ठ ३० गते शुक्रबार

**५. समय :** दिउँसो २ बजे देखि ६.०० बजेसम्म

**६. कार्यक्रम सञ्चालन गरिएको समय अवधी :** ४ घण्टा

**७. कार्यक्रमको विवरण**

सिलीचोङ गाउँपालिकाको सार्वजनिक सुवाई कार्यक्रम गाउँपालिकाको सभाहलमा २०८२ जेष्ठ ३० गते शुक्रबार सम्पन्न भयो । कार्यक्रममा सिलीचोङ गाउँपालिकाका अध्यक्ष भुपालराज मेवाहाङ, उपाध्यक्ष देविता कुलुङ, गाउँपालिकाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, पत्रकार, सेवाग्राहीहरु, शिक्षक, र कर्मचारीहरुको सक्रिय उपस्थीति रहेको थियो । गाउँपालिका अध्यक्ष भुपालराज मेवाहाङको ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा .......... जनाको सहभागिता रहेको थियो ।

सिलीचोङ गाउँपालिकाको आयोजना र नागरिक चासो मल्टिमिडिया प्रा.लि.को सहजीकरण रहेको सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चालन पत्रकार खेवाहाङ मेवाहाङले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा नागरिकबाट प्राप्त अभिमतलाई कार्यक्रम सञ्चालक मार्फत सर्वेक्षण प्रतिवेदनको रुपमा प्रस्तुत गरिएको थियो भने गाउँपालिका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भद्र बहादुर राईले २०८१/८२ मा गाउँपालिकामा सञ्चालित योजना, राजश्व संकलन, पञ्जीकरण, सामाजिक सुरक्षा भत्ताको विषयमा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सहभागिबाट उठेका जिज्ञासाहरुमा प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका उपाध्यक्ष र अध्यक्षले स्पष्ट पार्नुभएको थियो । वहाँहरुले प्राप्त गुनासो र सुझावहरुलाई सुधार गर्दै परिमार्जित गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

**८. सार्वजनिक सुनुवाईका विषयवस्तुहरु :**

क) गाउँपालिकाको कार्यालयद्धारा सञ्चालित विकास निर्माण योजनाहरु ।

ख) गाउँपालिकाबाट गरिएका सेवा प्रवाहमा जनताको जिज्ञासा, गुनासा ।

ग) सुशासनको अवस्था ।

घ) नागरिक गाउँपालिकापत्रमा उल्लेख गरिएका सेवा सुविधाका बारेमा जनताका चासो र गुनासो ।

ङ) सामाजिक सुरक्षाभत्ता ।

च) लक्षित कार्यक्रम ।

छ) आगामी बर्षका विकास योजनाहरुको निर्माण ।

झ) राजश्व संकलन

**९. कार्यक्रममा उठेका प्रश्न/ जिज्ञासा र उत्तर**

| क.स. | गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न, गुनासो र सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| १, | प्रसान राई सिलीचोङ-३ | पर्यटनमा लगानी किन हुन सकिरहेको छैन ?<br><br>कार्यालय समयमा मात्रै सेवा दिने स्वास्थ्य संस्थाले ? | भुपालराज राई गाउँपालिका अध्यक्ष<br><br>भद्र बहादुर राई प्र.प. अधिकृत | हामी भौतिक निर्माणलाई पर्यटनसंग जोड्ने प्रयास गरिरहेका छौं । ठुला आयोजनाहरुमा बजेट लगानी भईरहेकोले यहाँ लगानी कम भएकै हो, आगामी बर्षहरुमा यसको लगानी भोलुम् अवश्य बढ्ने नै छ ।<br><br>त्यस्तो नहुनु पर्ने हो, स्वास्थ्य संस्थाहरु सम्भव भएसम्म जुनसुकै समयमा पनि सञ्चालन हुनु पर्छ । सेवा प्रदान गर्नु पर्छ, के भएको हो, यस बारेमा तुरुन्त सच्याईने छ । |
| २, | प्रकास खालिङ सिगापा-३ | गाउँपालिको केन्द्र ताम्कु लगायत पालिका भरीकै बजार क्षेत्रबाट निस्कने प्लाष्टिक तथा सिसाजन्य बस्तुहहरु खेताबारीमा आई समस्या बढेको छ । हात खुट्टा काट्ने जस्ता घटनाहरु भई रहेको छ । यसको व्यवस्थापनमा कि मौन ? | गाउँपालिका अध्यक्ष | हो, गाउँपालिकाभित्रकै प्रमुख समस्याको रुपमा यो बढिरहेको छ । यसको व्यवस्थापनका लागि समाधान खोजिरहेका छौं । डम्पीङ साईडको व्यवस्थापन, नागरिक सचेतना लगायतमा लगानी गर्नुपर्ने अवस्था यसलाई गाउँपालिकाको टिममा वृहत छलफल गरिने छ । |
| | | १२ महिना नै सडक सञ्चालन | भुपालराज | प्राप्त सुझावलाई स्वीकार गरी |

| | | | | |
|---|---|---|---|---|
| ३, | मणि कुमार कुलुङ<br>पूर्व वडा सदस्य | हुने व्यवस्थापनमा लाग्नु पर्छ । चुनावी एजेण्डा बनाएका मुख्य योजनाहरुको कार्यन्वयनमा ध्यान दिन सुझाव दिन्छु । | मेवाहाङ<br>अध्यक्ष | आवश्यक निती तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिनेछ । |
| ४, | तारामणि कुलुङ<br>शिक्षक | निती निर्माण समयमा गहन अध्ययन र छलफल आवश्यक छ । बजेटमा मात्रै केन्द्रित हुने तर नितीमा कमजोर हुने अवस्था आउनुभएन ।<br>अल्पकालिन र दिर्घकालिन योजनामा ध्यान दिन सक्दा उत्तम हुन्छ । | भुपालराज<br>मेवाहाङ<br>अध्यक्ष | प्राप्त सुझावलाई स्वीकार गरी आवश्यक निती तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिनेछ । |
| ५, | सुजन राई<br>ताम्कु | प्रधानमन्त्री रोजगार कार्यक्रममा को को सहभागी हुन मिल्ने हो ? कहाँ कहाँ काम गर्ने ? मान्छे दोहोरी रहेको छ, किन यस्तो ?<br><br>विद्यालयका सुधारका लागि आर्थि हिसाब र पारदर्शितामा विशेष ध्यान दिनु पर्छ, जसका लागि लेखापालहरुलाई गाउँपालिकाकै लेखापालहरुबाट तालिमको व्यवस्थापन गर्ने कि ? | भद्र बहादुर कुलुङ<br>प्रमुख प्रशासकीय अधिकृत<br><br>भद्र बहादुर कुलुङ<br>प्रमुख प्रशासकीय अधिकृत | कार्यन्वयन समयमा शाखाबाट अनुगमन र उठेका विषयमा सहजीकरण गरिनेछ । गुणस्तरीयता, मितव्ययिता र लाभान्वित नागरिकका बारेमा समेत निर्क्यौल गरि कार्यन्वय गरिनेछ ।<br><br>सम्बन्धित शाखाबाट समन्वय गरि यो आवश्यक विषय रहेकोले कार्यन्वयन गरिनेछ । |
| ६. | चन्द्र वहादुर राई<br>शिक्षक | अभिभावक शिक्षा कार्यक्रम समावेश होस् ।<br><br>बीग स्कुल कन्सेप्टको विकास होस् ।<br><br>आईसिटी तालिममा थप व्यवस्थित बनाउनु पर्छ ।<br><br>विद्यालय सुपरिवेक्षणमा ध्यान जाओस् । | भुपालराज राई<br>गाउँपालिका<br>अध्यक्ष | सुझावका लागि धन्यवाद, भौतिक पुर्वधारमा लगानी गरिरहेको सिलीचोङ अब भने यस्ता विषयहरुमा परिस्कृत हुँदै गएको छ । विद्यालय र विद्यार्थी घट्दो छ, जसको निराकरणका लागि यो सुझावे समेत विशेष भुमिका खेल्ने छ । |
| ७. | शंकरदास | गाउँपालिकाको स्थानीय | प्रमुख प्रशाकिय | निरन्तरता दिनुपर्छ, तर अभिभावकको |

| | | | | |
|---|---|---|---|---|
| | मेवाहाङ अध्यक्ष, किरात मेवाहाङ याखोम्मा | पाठ्यक्रमको रुपमा गाउँपालिकाले विकास गरेको मेवाहाङ भाषा पाठ्यपुस्तक कक्षा १-५ को कार्यन्वयनमा ध्यान दिईदिनुहोला । | अधिकृत भद्र बहादुर कुलुङ | चाहाना कम हुनु र उपयोगिता बारे सरोकारवालाहरुलाई जानकारी दिन सकिरहेका छैन । आगामी दिनहरुमा सुधार गर्दै लैजानु पर्छ । |
| ८. | बसन्त युम्पाङ याफु | सिलीचोङको आर्थिक समृद्धिमा टेवा दिने रुद्राक्षको लागि स्थानीय तह मौन छ, सुरक्षा र सहयोगका सन्दर्भमा काम किन नभएको ? | भुपालराज मेवाहाङ अध्यक्ष | हो, यस गाउँपालिकाको आर्थिक समृद्धिमा रुद्राक्षको भुमिका निर्वाह महत्वपुर्ण छ । कानुनी बाधा बहेक अन्य कार्यका लागि गाउँपालिका तत्पर छ । |
| ९ | नरभुपाल मेवाहाङ स्थानीय अगुवा | फोहोर मैला व्यवस्थापनमा जोड दिऔं ।<br>कृषि एम्बुलेन्स र बजारीकरणमा ध्यान दिनु पर्छ ।<br>सुझावहरु लिखित दस्तावेजीकरण गर्ने गरौं । | भुपालराज मेवाहाङ अध्यक्ष | प्राप्त सुझावलाई स्वीकार गरी आवश्यक निती तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिनेछ । |
| १० | देवी कुमारी राई नेकपा माओवादी | विउ विजन नापजाँच नगरी कि बाँढेको ? मकैको विउले काम नै गरेन ।<br>बालबालिकाहरुको विचल्ली हुने गरी हुने सम्बन्ध विच्छेदका लागि सचेतना कार्यक्रम ल्याने की ? | भुपालराज मेवाहाङ अध्यक्ष | सम्बन्धित शाखाले उक्त समस्याको समाधान तत्काल आफ्नो काम गर्नु पर्छ । आगमी दिनमा नापजाँच नगरी वितरण नगर्ने ।<br>र यो समाजका लागि जटिल विषय बन्दै गएको छ । यो विषयको निराकरणका लागि वृहत छलफल र कार्यक्रमहरु तयगर्नुपर्ने देखिएको छ । |
| ११ | जितेन राई नेकपा एमाले | विकास निर्माणका लागि उपभोक्ता समितिबाट काम चाँही धेरै हुने तर व्यवसायीहरु मारमा परेको छ । नितीगत सुधार गरी व्यवासायीलाई आकर्षि गर्ने की ?<br>कृषि अनुदान वितरण त भयो अनुदान प्रतिशतले गर्दा समस्या भई रहेको हो कि ? | भुपालराज मेवाहाङ अध्यक्ष | प्राप्त सुझावलाई स्वीकार गरी आवश्यक निती तथा कार्यक्रममा छलफल गरिनेछ । |
| १२ | संयोगान्त कुलुङ नेपाली कांग्रेस | योजनाहरुको प्राथमिकीकरणमा ध्यान दिनु पर्छ ।<br>केही भएको छैन हैन, केही चाँही भएको छ भन्नेतिर लागौं । | भुपालराज मेवाहाङ अध्यक्ष | प्राप्त सुझावलाई स्वीकार गरी आवश्यक निती तथा कार्यक्रममा छलफल गरिनेछ । |

| | | | | |
|---|---|---|---|---|
| १३ | राम बहादुर कुलुङ<br>पूर्व पालिका अध्यक्ष | छब्बीसे पुलका लागि पहल गरौं । प्रशाकीय भवन निर्माणमा पहल गरौं । पालिकाले राखेको शिक्षकहरुको आवश्यकता अनुसार घटाउने पो हो की ?<br>स्थानीय हाईड्रोको विषयमा समन्वय कम देखेको छु ।<br>मापदण्डको एम्बुलेन्स व्यवस्थानि गरौं ।<br>अस्पतालको क्षमता अभिवृद्धि गर्नुपर्छ । | भुपालराज मेवाहाङ अध्यक्ष | प्राप्त सुझावलाई स्वीकार गरी आवश्यक निती तथा कार्यक्रममा छलफल गरिनेछ ।<br>पुलका विषयमा निरन्तर पहल भई नै रहेको छ ।<br>एम्बुलेन्स व्यवस्थापनको लागि निरन्तर पहल भईरहेकै छ । |
| १४ | सहजकर्ता: खेवाहाङ मेवाहाङ | आजको कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा र गुनासोको समाधान खोज्ने तथा गाउँपालिकालाई समृद्ध बनाउन के कस्ता प्रतिबद्धता ब्यक्त गर्नुहुन्छ ? | भुपालराज मेवाहाङ गाउँपालिका अध्यक्ष | सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका विषयहरुलाई हामीले विशेष सल्लाह र सुझावका रुपमा लिएका छौं । उठेका विषयलाई यहाँ सकरात्मक रुपमा लिँदै आगामी दिनहरुका सुझावलाई सिरोधार्य गर्दै सुधार गर्ने प्रतिवद्धता रहेको छ । |

## १०. सिलीचोङ गाउँपालिकाको कार्यालयलाई राय तथा सुझाव :

प्राकृतिक श्रोत र सम्पदाले भरिपुर्ण यस गाउँपालिका आर्थिक विकासमा सम्भावना बोकेको गाउँपालिका हो । भएका श्रोत परिचालन गर्न सक्ने हो भने यस गाउँपालिकाले आर्थिक संमृद्धिमा ठुलो फड्को मार्ने निश्चित छ । त्यसकारण यस गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारी, राजनैतिक दल, सघंसंस्था, स्थानीय नागरिक साथै सरोकारवालाहरु सहितको हातेमालो आवश्यक देखिन्छ । यसै गरि गाउँपालिकाले सुशासन कायम गर्नका लागि विभिन्न मुल्य मान्यता, विधि पद्धति अनुशरण गर्नुपर्ने देखिन्छ । यस गाउँपालिका कार्यालयमा उपस्थीत सेवाग्राहिमाथि गरिएको बहिर्गमन अभिमत (Exit Poll) साथै विभिन्न क्षेत्रका प्रतिनीधि सेवाग्राहिको नागरिक प्रतिवेदन (सन्तुष्टि वा असन्तुष्टि जनाउने) र सार्वजनिक सुनुवाई कार्यक्रमका दौरानमा उपस्थित सहभागीले उठाएका विषय एवम् सुझाबका आधारमा तपशील बमोजिमको विषयहरुलाई उठान गरि राय तथा सुझाबका रुपमा समावेश गरिएको छ ।

- जनप्रतिनीधि र कर्मचारीबीचको सुमधुर सम्वन्ध आवश्यक छ, कार्यक्रम कार्यान्वयन र प्रशासन संचालनको मुख्य जिम्मेवार व्यक्तित्व समयमा कार्यालयमा उपस्थित नहुँदा सेवाग्राहीले सास्ति व्यहोर्नु परिरहेको साथै विभिन्न सेवा प्रवाहमा समस्या भएको देखिन्छ, यसका लागि गाउँपालिकाले ध्यान पुऱ्याउनु पर्ने ।
- भौतिक विकासमा जोड दिएको गाउँपालिका अब आर्थिक तथा सामाजिक विकासका लागि थप बजेट, निती तथा कार्यक्रमहरु बनाउनु पर्ने ।

❖ गाउँपालिकाको सुशासनका निम्ति आवश्यक आधारभुत सुचकहरु जस्तै सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदि समय समयमा गर्नुपर्ने देखिन्छ जसले गाउँपालिकालाई जनताप्रति अझै जवाफदेही र उत्तरदायी बनाउनेछ ।

❖ यसै गरि ठुला आयोजना तथा प्राविधिक रुपमा कठिन योजनाहरु उपभोक्ता समितिमार्फत संचालन गर्दा त्यसको प्रभावकारिता र गुणस्तरियता कम भएको देखिन्छ, यसर्थ यस विषयमा गाउँपालिकाले ध्यान दिन जरुरी छ ।

❖ गाउँपालिकाहरुले योजना पहिचान गर्दा स्थानियको अनिवार्य सहभागीतामा माग र आवश्यकता साथै दिर्घकालिन प्रतिफल र असरका आधारमा गर्नुपर्ने ।

❖ महिला, दलित, जनजाति, अल्पसंख्यक, सिमान्तकृत, अपांग लगायत लक्षित वर्गलाई विभिन्न अवसरमा उच्च प्राथमिकता दिदै समानता र समता दुवै विधि अपनाउनु पर्ने ।

❖ सार्वजनिक सेवा प्रवाहका लागि कार्यालयलाई उच्च प्रविधिमैत्री बनाउन इन्टरनेट र विद्युतको आपुर्ति मजबुत बनाउनु पर्ने ।

❖ नेपाल एक कृषि प्रधान देश भए पनि कृषिमा आत्मनिर्भर बन्न नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै कृषि लगायतका उत्पादनमुलक क्षेत्रमा गाउँपालिकाले आवश्यक बजेट व्यवस्था गर्नुपर्ने । भएका योजनालाई पूर्ण कार्यान्वयन गर्नुपर्ने ।

❖ गाउँपालिका भित्र संचालित विभिन्न जलविद्युत आयोजनाहरुसंग समन्वय गरि कृषि, सडक सञ्जाल निर्माण साथै स्तरोन्नती, रोजगारी सृजना लगायतको क्षेत्रमा कार्य गर्नु आवश्यक देखिन्छ ।

**अन्य**

❖ कर्मचारीलाई सेवाग्राहीप्रति अझै उत्तरदायी बनाउनु पर्ने ।

❖ सार्वजनिक महत्वका विषयलाई प्राथमिकता दिईनुपर्ने ।

❖ अनुगमन समितिको अनुगमन प्रभावकारी बनाउनु पर्ने ।

❖ चिरखाङ गाउँलाई स्थानान्तरणका लागि पहल गर्नुपर्ने

❖ सेवाग्राहीलाई बस्नका लागि प्रतिक्षालय निर्माण गर्नुपर्ने ।

कार्यक्रमका तस्बीर, उपस्थिति र निर्णय







सार्वजनिक सुनुवाई कार्यक्रम


सिलीचोङ गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को अन्तिम चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम
मितिः २०८२ वैशाख ३०, शुक्रबार | स्थानः सिलीचोङ गाउँपालिकाको सभाहल
आयोजक
सिलीचोङ गाउँपालिका कार्यालय
ताम्कु, सङ्खुवासभा
सहजीकरण
नागरिक चासो मल्टिमिडिया प्रा.लि.
खाँदबारी, सङ्खुवासभा


सिलीचोङ गाउँपालिकाको आर्थिक बर्ष
सार्वजनिक
मिति: २०८२ बैशाख ३०, शुक्रबार | स्थान:
आयोजक
सिलीचोङ गाउँपालिका कार्यालय
ताम्कु, सङ्खुवासभा






**प्रतिवेदन तयार मिति :** २०८२ जेष्ठ १५ गते

सार्वजनिक सुनुवाई संयोजकको दस्तखत